१५८६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २१९/०७३/७४

निर्णय नं. १५७

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई
हाल का. म. न. पा.-३५ निबासी शारदा भुपाल (झा) ..........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, सप्तरी ..........................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, सप्तरी ..........................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

जिल्ला महोत्तरी, बनौली दनौली गा.वि.स.-५ घर भई हाल का. म. न. पा.-३५ निबासी शारदा भुपाल (झा)ले जिल्ला शिक्षा कार्यालय, सप्तरी समक्ष तपसिल वमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।१९ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिंदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला शिक्षा कार्यालय, सप्तरीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. शैक्षिक सत्र २०७०, २०७२, र २०७३ सालमा जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट थप कक्षा सञ्चालनका लागि अनुमति दिइएका संस्थापक विद्यालयहरुको अनुगमन एवं निरीक्षणको छुट्टाछुट्टै स्पष्ट जनिने प्रगति प्रतिवेदनहरुको प्रमाणित प्रतिलिपि ।

२. शैक्षिक सत्र २०७३ सालको लागि विद्यालय संचालन गर्न दर्ता भएका विद्यालयहरुको अनुगमन एवं निरीक्षण प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत २०७३ साल पुस १३ गते रोज २ शुभम् ।